वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## वालिङ, स्याङजा ।

गडण्की प्रदेश, नेपाल

## सवारी साधनहरु खरिद सम्वन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७५।९।४ गते)**

यस नगरपालिकाका लागि सवारी साधनहरु बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्वन्धित कामका लागि इजाजत प्राप्त इच्छुक व्यवसायीहरु वा कम्पनिहरुवाट निम्न सर्तहरुको अधिनमा रहि खरिद कार्यको लागि रितपूर्वक शीलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

१) बोलपत्र फाराम खरीद गर्न इच्छुक व्यवसायीहरु फर्महरुले अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन नविकरण तथा चालु आ.व.को लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व. २०७४/०७५ को कर चुक्ता विवरण पेश गरेको कागजात, अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने ) यस कार्यालयको राजस्व शाखामा बुझाई यस कार्यालयको आर्थिक प्रशासन शाखावाट बोलपत्र फाराम खरीद गर्न सकिने छ ।

२) बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

३) बोलपत्र पुस्तिका तथा सुचनामा उल्लेखित मुल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत गरिने छैन।

४) बोलपत्र फारमा भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यात दिईनेछ । साथै केरमेत भएको ठाउमा सही छाप हुनु पर्ने छ ।

५. शिलवन्दी बोलपत्र जमानत रकम नेपाल बैक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग.३/०८३०३००००००००३००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैक वाट मान्यता प्राप्त (क) वर्गको बैकवाट यस कार्यालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन सम्म म्याद भएको जमानत (Bid sccurtry ) समावेश भएको हुनु पर्ने छ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

६. वोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा सम्लग्न गरिएको स्पेशिफिकेसन तथा अन्य ब्यहोरा प्रस्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नू पर्ने छ । बोलपत्र जुन फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनुपर्ने र यस कार्यालयवाट बिकी भएको बोलपत्र फाराम भरी प्रत्येक पृष्ठमा सही छाप गरी पेश गर्नु पर्नेछ । बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ (शिलवन्दी खामभित्रै) संलग्न हुन पर्ने छ ।

७) कुनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा र रद गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) वोलपत्र फाराम र यस सुचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, पहिलो संशोधन २०७३, र सार्वजनिक खरिद नियमावली २०६४, पांचौ संशोधन २०७३ अनुसार हुनेछ । अन्य जानकारीका लागी यस कार्यालयको फोन नं. ०६३४४०१७७ मा सम्पर्क गर्न सकिने छ

९) **बोलपत्र फाराम खरिद/दर्ता गर्ने समय:**

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय :२०७५।१०।३गते कर्यालयसमय । | बोलपत्र दर्ता गर्ने अन्तिम मिति: २०७५।१०।४ गते, समय: १२.०० वजे भित्र | बोलपत्र खोल्ने मिति २०७५।१०।४ गते र समय १४.०० वजे |

**१०) सवारी सधान खरिद विवरण**

| सि.नं. | ठेक्का नं. | खरिद गर्नु पर्ने साधनको विवरणहरु | जमानत रकम | बोलपत्र फारम दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/२०७५/०७७ | सवारी साधन जीप गाडी थान:- १ | १०२५०0।0 | ३०००।० | पछि फिर्ता नहुने) |
| २ | २/२०७५/०७६ | मोटरसाईकल थान:-७ | ४२०००।० | ३०००।० | ,, ,, |
| ३ | ३/२०७५/०७६ | स्कुटर थान:- ५ | २६८७५।० | ३०००।० | ,, ,, |